**पनौती नगरपालिका**

**सूचनाको हक सम्बन्धि ऐनको दफा ५(३) संग सम्बन्धित**

**२०७५.०७६(श्रावण-असोज)**

## 1. निकायको स्वरुप र प्रकृति

- पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि दक्षिणपुर्वतर्फ ३२ कि.मिको दुरीमा पर्दछ । बि.सं २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको अवस्थाबाट पुर्नसंरचित भई बि.स. २०५३ माघ ११ मा एकिकृत भएका पनौती, खोपासी,मल्पी,टौखाल देवीस्थान,सुन्थान सारदा र सुब्बागाउँ, रयाले, कुशादेवी,कलाँती भुमिडाँडा र बल्थली गाविसका पुरै भाग लगायत शारदा बतासेको वडा न. ३,४ र ९ एबं शंखुपाटीचौर गाविसको वडा नं. ४ समावेश भई विविधतायुक्त बृहत स्थानीय तहका रुपमा पनौती नगरपालिकाको गठन भएको छ । प्राकृतिक सम्पदा एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण यस नगरपालिका विश्व सम्पदा सूचीमा सुचिकृत गर्नको लागि प्रस्तावित छ ।मठमन्दिर एबं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण प्राचीन पनौती शहर वि.स. १८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियानसंगै नेपाल राज्यमा एकीकरण भएको थियो ।

- सिमाना
  **पुर्व**:धुलिखेल नगरपालिका
  **पश्चिम**:ललितपुर जिल्ला र भक्तपुर जिल्ला
  **उत्तर**:बनेपा नगरपालिका र भक्तपुर जिल्ला
  **दक्षिण**:बेथानचोक गाउँपालिका र ललितपुर जिल्ला

## 2. निकायको काम, कर्तव्य र अधिकार

- नेपालको संबिधान लगायत स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका कामहरु सोहि अनुसार तोकिएको कर्तव्य तथा अधिकारहरू ।

## 3. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- ९४(तेस्रो नगर सभाबाट) जनाको कूल दरबन्दी स्वीकृत भई काम गर्दै आएकोमा
  निजामती:३
  स्थायी:४६

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक ३ नं. प्रदेश नेपाल २०७३

अस्थायी/करार:१७
रिक्त:२८ जना रहेको

- त्यस बाहेक विषयगत कार्यलयबाट काजमा खटिएको ८ जना र फिल्ड तहमा खटिएको ८ जना थप जनशक्ति कार्यरत रहेको ।

## 4. निकायबाट प्रदान गरिने सेवा

- स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसारका विकास निर्माण,सिफारिश,कर दस्तुर संकलन लगायतका अन्य कार्य तथा सेवाहरु

## 5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

- नगरकार्यपालिकाबाट नगर कार्यपालिका कार्य विभाजन नियमावली स्वीकृत गरि स्थानीय राजपत्र प्रकाशन भएको/उक्त राजपत्रमा विषयगत शाखाहरुको व्यवस्था सहित शाखागत कार्यविवरणको स्पष्ट व्यवस्था भएको र सोहि व्यवस्थाको अधिनमा रही शखागत जिम्मेवारी तोकी सो अनुसारको कार्यसम्पादन हुँदै आएको छ ।

## 6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- नागरिक वडापत्र प्रत्येक वडामा राखिएको र सोको विवरण Website मा समेत अध्यावधिक गरिएको छ ।

## 7. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- वार्षिक कार्यक्रम तथा बजेट नगरसभाले स्वीकृत गर्ने गरेको ।
- नगरसभाबाट सैद्धान्तिक रुपमा स्वीकृत बजेट तथा कार्यक्रम विस्तृत रुपमा नगरकार्यपालिका बैठकले स्वीकृत गर्ने गरेको ।
- स्वीकृत कार्यक्रमको कतिपय अंशहरु थप निर्णय हुनुपर्दा नगरप्रमुखको निर्णयानुसार हुने गरेको ।
- कतिपय स्वीकृत कार्यक्रमहरु शाखागत उठानका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने गरेको ।

## 8. गुनासो सुन्ने अधिकारी

- वरिष्ठ प्रशासकीय अधिकृत इन्द्र प्रसाद अधिकारीलाई तोकिएको ।

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

## 9. सम्पादन गरेको कामको विवरण

- **प्रशासन तर्फ :**
  - ❖ जनसक्ति व्यवस्थापन
  - ❖ अस्थायी/करार कर्मचारीको म्याद थप
  - ❖ ७ वटा कार्यपालिका वैठक समपन्न
  - ❖ व्यवसाय दर्ता तथा नवीकरण
- **आर्थिक प्रशासन तर्फ :**
  - ❖ कुल आम्दानि : १९,०१,६१,६०४/४६
  - ❖ राजश्व असुली : ७,७२,५२,७८९/४६
  - ❖ कुल खर्च : १२,१२,१२,२३४/२२
  - ❖ प्रत्येक वडामा खर्च खाता संचालन
- **बालबालिका तथा महिला तर्फ**

| सि. नं. | विवरण | वटा | सहभागी सख्या | सञ्चालन मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्रिष्टलको सामान बनाउने तालिम ३ दिने | १ | ४४ जना | भाद्र २०,२१ र २२ | |
| २ | अल्जाईमर्श चेतना दिवशको अवसरमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन | १ | ८५ | असोज ५ | |
| ३ | तिजसुभकामना आदान प्रदान कार्यक्रम सञ्चालन | १ | १५०० जना | भाद्र २५ | |
| ४ | ज्येष्ठ नागरिक परिचय -पत्र वितरण | १ | २४० जना | श्रावण देखी असोज सम्मको | |

- **कृषि तर्फ**
  - ❖ आ.व. २०७५/७६ को कृषि कार्यक्रमहरु सार्वजनिकरण

- ४ वटा स्थलगत घुम्ती तालिम (तरकारी खेती)
- २ वटा स्थलगत घुम्ती तालिम (खाद्यन्न तथा मल ब्यबस्थापन)
- खोपासीमा बाली उपचार शिविर
- क्रप कटिङ (उत्पादनको तथ्याङ्क लिनका लागि वाली कटानी)
- तरकारी मिनिकिट वितरण
- वाली संरक्षण सेवा अन्तर्गत विषादी वितरण
- आई.पी.एम. परजीवि प्रयोग प्रदर्शन अन्तर्गत 'Trichoderma' वितरण
- वडा स्तरीय कृषि विमा अभिमुखिकरण (सम्पूर्ण वडाहरु )

## पशुपंक्षी तर्फ

- आ.व. २०७५/७६ को पशुपंक्षी बिकास कार्यक्रमहरु सार्वजनिकरण
- हिउदे घाँसको वीउ खरिद तथा वितरण
- पशु स्वास्थ शिविर
- वडा स्तरीय पशु विमा अभिमुखिकरण (सम्पूर्ण वडाहरु )
- भैंसी सुत्केरी भत्ता वितरण ( १२ र १ वडाहरु मा )
- रेबिज दिवस मनाएको
- रेबिज भ्याक्सीन

## शिक्षा तर्फ

- नियमित मासिक प्र. अ. बैठक ( प्रत्येक महिना ६ गते ) सम्पन्न ।
- विद्यालय अनुगमन निरिक्षण कार्य ।
- सम्पत्ति विवरण सम्बन्धित निकायमा पेश गरिएको ।
- शिक्षकहरुको का.स.मु सम्बन्धि कार्य ।
- आ व २०७५/७६ शिक्षक तलवी प्रतिवेदन तयारी सम्बन्धि कार्य ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा थप तथा अनुमतिका लागि कार्य सम्पन्न ।
- विभिन्न विद्यालयहरुले आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रममा सहभागी भएको ।

वरिष्ठ प्रशासकीय अधिकृत

- ❖ प्रथम त्रैमासिक परिक्षाको अनुगमन तथा निरक्षिण गरि सिकाई उपलब्धि विवरण विश्लेषण ।

## ● स्वास्थ्य तर्फ

- ❖ बर्थिंग सेन्टरबाट सुत्केरी यातायात खर्च रु २०००/- तथा ४ पटक गर्भ जांच प्रोत्साहन भत्ता रु ८००/- र नतर्फको सुत्केरी प्रोत्स.पा.ाहन भत्ता रुका दरले ५००. बितरण सुरु
- ❖ आर्थिक अवस्था कमजोर कडा दिर्घ रोगीहरुलाई रु-/०००,१०. का दरले उपचार खर्च उपलब्ध गराउन सुरुस्थानीय तहको बजेट कार्यक्रम निर्माण तथा कार्यपालिका बैठकबाट कार्यान्वयन लागि स्विकृती
- ❖ क्षयरोगको चौमासिक गोष्ठी सम्पन्न
- ❖ प्रत्येक महिनाको ८ गते मासिक रिपोर्टिंग वैठक सम्पन्न
- ❖ परिवार नियोजन दिवस र स्तनपान आत्महत्या रोकथाम दिवस सम्पन्न
- ❖ करारमा कार्यरत १४ जना कर्मचारीहरुको म्याद थप गरिएको
  - ✓ कार्यालय सहयोगी = १० जना
  - ✓ अ.न.मि. = ३ जना
  - ✓ अ.हे.व. = १ जना

## ● सामाजिक विकास तर्फ

- ❖ पनौती नगरपालिका क्षेत्रमा जेष्ठ नागरिक, बिधवा महिला, दलित जेष्ठ, अपांगता भएका नागरिकहरु तथा दलित बालबालिका समेत लाई बितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको पहिलो किस्ता (०७५ श्रावण देखि ०७५ कार्तिक) को रकम बिजया दशमी २०७५ लाई लक्षित गर्दै बितरण गरिएको ।

- ❖ सामाजिक सुरक्षा भत्ता सम्बन्धमा आ ब. ०७५।०७६ बाट ३५ बर्ष पुरा भएका अबिबहित एकल तथा समबन्ध बिच्छेद भएका महिलालाई सामाजिक सुक्षा भत्ता उपलब्ध गराउने निर्णय भएकोले सोको कार्यान्वयनको लागि कार्यबिधी तयारी गरिएको ।
- ❖ बालबालिकाको क्षत्रमा लगानी गरौ बालमैत्री स्थानीय तह निर्माण गरौ भन्ने नारका साथ पनौती नगरपालिकामा क्रियाशिल नगर बाल क्लब सन्जाल तथा वडा स्तरिय बाल क्लब सन्जालका पदाधिकारीहरु लाई २

समुहमा गरि ४ दिन बालबालिकाको क्षमता अभिबृद्धी तालिम कार्यक्रम सम्पन्न गरिएको ।

- ❖ जिल्ला बाल क्लब सञ्जालको आयोजनामा पनौती नगरपालिकाको हलमा काभ्रे जिल्ला स्तरिय Classic Speaking Idol कार्यक्रम सम्पन्न भएकोमा नगरपालिका बाट समन्वय तथा आर्थिक सहयोग उपलबध गराईएको ।
- ❖ बालबालिकाको बिकास तथा सहभागिता अभिबृद्धी गर्ने हेतुले बिजया दशमी २०७५ को सन्दर्भमा अन्तर नगर बिद्यालय स्तरिय खेलकुद तथा नृत्य प्रतियोगिता भब्य रुपमा सम्पन्न गरिएको ।

- **नक्सा तथा योजना तर्फ**
  - ❖ प्रगति समिक्षा वैठक सम्पन्न
  - ❖ स्थायी नक्सापास- १८४(गत बर्षको अस्थायी भएर आएका समेत)
  - ❖ योजना फरफारक – ४
  - ❖ बर्षातका कारण अवरुद्ध सडकहरु खोल्ने कार्य
  - ❖ नगरस्तरिय दर रेट स्वीकृत
  - ❖ अधिकांश उपभोक्ता समिति गठन
  - ❖ पनौती खोपासी सडक मर्मत
  - ❖ ३ वटा योजना सम्झौता
- **न्यायिक समिति तर्फ :**
  - ❖ विवाद दर्ता-३ वटा
  - ❖ फछ्यौंट-१ वटा
  - ❖ गत आ.व.को अ.ल्या -९ वटा

## 10. सूचना अधिकारी र प्रमुखको नाम र पद

- सूचना अधिकारी : इन्द्र प्रसाद अधिकारी – वरिष्ठ प्रशासकीय अधिकृत
- प्रमुख : विजय राज पौडेल - प्रमुख प्रशासकीय अधिकृत

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

## 11. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- सम्बत २०७४ सालको मापदण्ड न. १
- सम्बत २०७४ सालको मापदण्ड न. २
- पनौती नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वायन गर्न बनेको आर्थिक ऐन, २०७४
- पनौती नगरपालिकाको आर्थिक ऐन, २०७५
- पनौती नगरपालिकाको विनियोजन ऐन, २०७५
- नगर कार्यपालिकाको वैठक संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गर्न बनेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७४
- नगरकार्यपालिकाको कार्यलाई विभाजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको नगरकार्यपालिका कार्य विभाजन नियमावली,२०७४
- नगर सभा संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७४
- नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५
- पनौती न.पा को आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन,२०७४
- पनौती न.पा बाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धि व्यवस्था गर्न बनेको ऐन
- पनौती न.पा को कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
- पनौती नगरपालिका स्थानीय शिक्षा ऐन २०७४
- पनौती न.पा को सहकारी ऐन,२०७४
- पनौती नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली,२०७५
- एफ.एम रेडियो(व्यवस्थापन तथा संचालन)कार्यविधि,२०७५
- 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि,२०७५

सूचना अधिकारी
सूचना प्रशासकीय अधिकृत

- नगर शिक्षा समिति कार्यविधि,२०७५
- टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७५
- सुशासन प्रवर्धन रणनैतिक योजना , २०७५

## 12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

- प्रत्येक वडाले आम्दानी र खर्चको मासिक विवरण वडाको सूचनापाटीमा टास्ने गरेको र सोको विवरण न.पा मा समेत पठाउने गरेको
- बार्षिक रुपमा प्रकाशन गर्ने गरेको
- आन्तरिक लेखा परिक्षकको व्यवस्था रहेको
- बार्षिक लेखा परिक्षण गर्ने गरेको
- मासिक रुपमा आय व्यय विवरण सार्वजनिक गर्ने गरेको

## 13. तोकिए बमोजिमका अन्य विवरण

- पत्रकार तथा सरोकारवाला निकायले माग गरे बमोजिम अन्य सूचनाहरु समेत उपलब्ध गराउने गरेको
- आ.व.०७४/७५ मा सूचनाको हक प्रयोग गरि १ व्यक्तिले मात्र सूचना मागेको

## 14. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

- गत आ.व. मा नगर सभाले स्वीकृत गरेको अधिकांस योजना तथा कार्यक्रमहरु सम्पन्न भएका र तत् सम्बन्धि कार्यक्रम Website मा विस्तृत रुपमा राखिएको जसमध्ये अधिकांश सडक निर्माण योजना रहेको ।
- उ.वा संघको सहकार्यमा बजार क्षेत्रमा CC Camera जडान गरिएको
- सामुदायिक मा.वि. हरूमा विद्युतीय हाजिरी जडान भएको
- सहिदपार्क निर्माण

...प्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

## 15. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण

- www.panautimun.gov.np

## 16. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण

- गत बर्ष यस्तो प्रकारको ऋण तथा अनुदान सम्झौता नभएको

## 17. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम Website मा विस्तृत रुपमा राख्ने गरेको (बुंदा नं. १४ अनुसार नै)

## 18. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

हालसम्म सूचनाको वर्गीकरण नभइसकेको भएतापनि महत्वपूर्ण निर्णयलाई (सभा र बैठकका निर्णयहरु, ऐन कानुनहरु,नियमावली आदि) सम्बन्धित कर्मचारी मार्फत सुरक्षित राख्ने गरेको

## 19. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय

- १ जनाले सुचनाको हक बमोजिम सूचना माग गरेको र निजले समयभित्रै सूचना प्राप्त गरेको

## 20. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- नगरबासी संग सम्बन्धित सूचना पत्र-पत्रिका,रेडियो,Website,Facebook Page,Twitter,हाते पर्चा,सार्वजनिक स्थलमा टाँस गरि सूचना प्रदान गर्ने गरेको

अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत